# जाजरकोटे राजा र मल्ल राजाहरूको वंशावलि

संकलक-विश्वनाथ भट्टराई

संवत् २०३१ साल वैशाख ८ गते पुरातत्व विभाग, राष्ट्रिय अभिलेखालयबाट भेरी अञ्चल, जाजरकोट जिल्लामा गरिएको ऐतिहासिक अनुसन्धान भ्रमणमा मैले पनि आफ्ना सहयोगी साथीहरू पं. श्री बाबुकृष्ण ढकाल र फोटोग्राफर श्री विजयशंकर श्रेष्ठसंग संमिलित हुने सौभाग्य पाएको थिएं। उक्त अवसरमा हामीले प्राप्त गरेका केही ऐतिहासिक तथ्यहरूमध्ये एक तथ्य उक्त दुइ वंशावलि पनि हुन्, जसलाई यहाँ प्रस्तुत गरिएको छ। आशा छ इतिहासका विद्वान् एवं विद्यार्थीहरूका निमित्त यसले केही मात्रामा नयां दिशाको गोरेटो देलानै। यसबाट जाजरकोटका राजाहरूको र सुदूर पश्चिमाञ्चलबाट फैलिएका मल्ल राजाहरूको शाखाका विषयमा प्रशस्त ऐतिहासिक तथ्य फेला पर्नेछन्।

उक्त दुइ वंशावलि जाजरकोट जिल्ला जगतीपुरका पण्डित श्री मोतीलाल शर्माका सौजन्यबाट प्राप्त भएका हुन्।

श्री णेसाये नम

जाजरकोटी राजाको वंशावलि

श्री माहाराज ब्रह्माजी ईन्का पुत्र मरीची ईन्का पुत्र कस्सेप ईन्का पुत्र सुर्जे ईन्का पुत्र वैवस्वत मनु भये प्रथम राजा इनै हुं ईन्का पुत्र ईछेकु राजा भये ईन्का पुत्र कुछीनं राजा भये ईन्का पुत्र वीकुछी राजा ईन्का पुत्र वानना राजा भये ईन्का पुत्र अनरंने राजा ईन्का पुत्र पृथु राजा ईन्का पुत्र त्रृसंकु राजा ईन्का पुत्र सुसंधी राजा ईन्का पुत्र ध्र्रुवसंधी राजा प्रसेनजीत् २ भाई भया ध्रुवसंधीका पुत्र भरत नां राजा ईन्का पुत्र आसीत नां राजा ईन्का पुत्र सगर राजा महाप्रतापी भया ईन्का पुत्र असमंजस राजा ईन्का पुत्र अंसु राजा ईन्का पुत्र दीलीप राजा ईन्का पुत्र भगीरथ राजा इनैले भागीरथी गंगा सोर्गलोकबाट मर्तलोक ल्याया ईन्का पुत्र ककुस्थ राजा ईन्का पुत्र रगु राजा ईन्का पुत्र प्रविद्ध राजा वसीस्टका सरापले राछेस भया ईन्का पुत्र संवन राजा ईन्का पुत्र सुदर्सन राजा ईन्का पुत्र अगनीवर्त राजा ईन्का पुत्र सीध्रग राजा ईन्का पुत्र मरू राजा ईन्का पुत्र प्रसुसुक्र राजा ईन्का पुत्र अंवरीष राजा ईन्का पुत्र नहुष राजा ईन्का पुत्र ययाती राजा ईन्का पुत्र नाभाग राजा ईन्का पुत्र अज राजा ईन्का पुत्र माहाराजधीराज दसरथ ईन्का पुत्र राजा राम्चंद्रजी चक्रजर्ती राजा भया इन्का चार भाई थिया राजा रामचन्द्रका पुत्र लहरी राजा भया ईन्का २ भाई थीया लहरीका पुत्र हरिदास राजा भया ईन्का पुत्र तुलसीदास राजा भया ईन्का पुत्र भयेनं ताहाबाट मंजादेस हरीन गाउं गया धांनेप्रवत् तीलासं असोमेद जगे गऱ्या जगे सीद्ध भयो कासीदास पुत्र जंम्या कासीदास राजा भया ईन्का पुत्र वीस्नुदास राजा भया ईन्का पुत्र जयेदास राजा ईन्का पुत्र देउदास राजा ईन्का पुत्र देवाषर राजा ईन्का पुत्र सेवाषर राजा ईन्का पुत्र ईरीकर राजा ईन्का पुत्र श्रीकर राजा ईन्का पुत्र ईम्बु राजा ईन्का पुत्र निम्वु राजा निम्वुका २ भाई कांछा भोट् गया ईन्का पुत्र कपाली राजा ईनैका पाली दैलेष दुल्लु मारी राज्ये गऱ्या ईन्का ४ छोरा थिया जेठा राजा कापरी गोलस केदार राजा भया ईन्का पुत्र गोलस राजा भया ईन्का पुत्र भारी मल्ल राजा ईन्का पुत्र उभारी मल्ल राजा ईन्का पुत्र अराई मल्ल राजा इन्का पुत्र सीन्धुराज मल्ल राजा इन्का पुत्र धुन्धुराज मल्ल राजा इन्का पुत्र मैराज मल्ल राजा इन्का पुत्र भारी मल्ल राजा इन्का पुत्र गोथरी मल्ल राजा इन्का पुत्र गोथु मल्ल राजा

इन्का पुत्र जैभम्म राजा इन्का पुत्र मलैभम्म राजा इन्का पुत्र प्रतापी जस्कीसींह राजा इन्का पुत्र वीजैसींह राजा इन्का पुत्र देउसींह राजा इन्का पुत्र जभसम्म राजा ईनैका पाली जाजरकोट आया इन्का पुत्र वीक्रम राजा ईन्का पुत्र पुनीमल् साही राजा ईन्का पुत्र माधौ साही राजा ईनैले डाङराकोटी राजा मान्या राज्ये गरे ईन्का पुत्र मंधीर साही राजा ईन्का पुत्र समुद्र साहा ईन्का पुत्र डेडरा राजा हरी ईन्का २ भाई थीया कांछा हठी साहाले हरी साहाका ४ बाबुछोरालाई मारी आफू राजा भै वारेकोट जिल्लामा गै राजा म हुं भन्दा सीपाचौरका रेषी मग(र)हरूले हांरो राजा मार्ने वैरीलाई मारनुपर्छ भनी लठी लठीले हानी हरी साहालाई मारी रेषीहरू जाजर्कोट माहारानीसंग राजा मारन्या वैरीलाई मारी आञ्यू भंदा सत्रुलाई मारेवाफत् मौलाको पैला रागो तींरो भो भनी रेख दीये हरी साहाका कांछा गर्थे पुत्र वान्साही राजा भये ईन्का पुत्र गजेंद्रनारान साहा ईन्का पुत्र ३ जेठा राजा ईद्रनारां साह माहीला सींहरूप साह कांछा कालु साह राजा ईद्रनारांका पुत्र राजा दीपनारां साहा इनैले नेपालको रानीपोषरी घोडा चरेर नगाये दीपनारांका छोरा ३ जंगवहादुर साह जुद्धदल साह वृषधोज साह जंगवहादुरका छोरा ८ जुद्धदलका छोरा ३ वृषध्दजका ३ जंगवहादुरका जेठा छोरा हरीप्राकर्म साह राजा हुन पायेनं ईन्का पुत्र नरेंद्रवीक्र साह ईन्का ५ भाई थीये नरेंद्रवीक्रका छोरा उपेंद्रवीक्र साह ईन्का ५ भाई थीये उपेंद्रवीक्रका छोरा स्वइंप्रकास साह ईन्का २ भाई थीये सोयेंप्रकासका छोरा यूवराज — — — — —

**अथ समाल राजाको वंसावलि ।** पश्चीं गर कनौचकि उतपन्न मंजादेसका नाउहरिन भन्ने अत्री आत्री अत्रप ईसावास्य तिनै प्रवराय अत्रि गोत्र मर्धाने साखा कुलदेव मष्टो प्रथमा उतपन्न सरिस्वितका सगर सगरका हजरत हजरतका भगीरथ भगीरथका दसरथ दसरथका श्रीराजा रामचन्द्र रामचन्द्रका छोरा २ भया लव लाव भन्ने देसमा गया जेठा कुसका कुसहरि भया १। तिनिका छोरा शिसंकर २। तिनिका छोरा हरिसंकर ३। तिनिका छोरा तुलसिदास ४। तिनिका छोरा कासिदास ५। तिनिका छोरा किसंदास ६। तिनिका छोरा विसंदास ७। तिनिका छोरा जैदास ८। तिनिका छोरा धैदास ९। तिनिका छोरा देवदास १० तिनिका छोरा देवाखर ११। तिनिका छोरा शेवाखर १२। तिनिका छोरा ईटिखर १३। तिनिका छोरा श्रीखर १४। तिनिका छोरा ४ भया ईम्वु १ निंवु २ लींवु ३ सिंवु ४ ईनिका पाला चारै भाई दुल्लु आया दुल्लु पाटीकन कसुदर वनाया तांही वसि सिंवुका छोरा ४ भया जेठा गोसल माहीला काप्रि साहीला सैगुन कान्छा केदारु ईनि ४ भाईलाई तिनि आम मंदेउराका जिम्मा छोडि आफु सिंवु तपोवनमा गई तव गर्दा गर्दा १२ वर्ष वित्यो तिनिका तपोवलले गर्दा ज्वालामाई प्रकट भईन् र ज्वालामाईले भनिन् हेसिंवु तिरा तपस्यादेखि म अतिप्रसन्न भन तिरा मनमा जे इच्छा छ सो वरं माग भनि ज्वालामाईले भन्दा सिंवुले भने कि हेमाई ज्वालादेवि म सिरा सरनमा छु हजुरको भक्ती कहिलै नविसुं मेरा तपस्यादेखि प्रसन्न हुनुहुन्छ भने ४ युगसंग मेरो किर्ति थीर भैरहोस् अर्को वर के भने रणमोक्षको बाटो गरि मुक्तीनाथ मानसरवर पनि तिर्थ घुमि आउन्जेलसम्म हजुर यहि राज गरिबक्सेला यहि वरदान माग्छु भनि सिंवुले माग्दा ज्वालामाईले तथास्तु भनि वाचा गरि गराई सिंवु तिर्थवासि भई उत्तरा पन्थ तिर्थ घुम्न गईगया तिनिका छोरा जेठा गोसल माहिला काप्रि साहिला सैगुन कान्छा केदारु ई ४ भाईलाई दुल्लुका सिंधुपालले विनुवाबुका जवरजस्ति ठोक्या भनि जवाव लगाउदा तिनि गोशलका ४ भाईलाई वडो अटसलको कुरा पऱ्यो र केहि जवाफ दिन नसकि आफनि आमसंग आई हेआम आज हामि चार भाईलाई भारि जवाफ पऱ्यो सिन्धुपालले विनावावुका छोरा हौ भनि हामिलाई भने हाम्रा बाबु को हुं काहां छन् भन भन्दा तिनि ४ भाइकी आमाले हेबाबु तिम्रा बाबु रनमोक्ष मुक्तिनाथ मानसरवसंम तिर्थ घुम्न गयका १२ वर्ष भईसक्यो फिर्ता भयनन भन्ने आमाका कुरा ति ४ भाईले सुन्दा हेआमा छोरा भयर तिर्थ गर्न गयका बाबुहरूको खवर नबुझी घरै बसिरहनु ठिक छैन भनि हेआमा तपाई यहि बसिरहनुहवस् सिंदुकि आमासंग हामिलाई विदा दिनुहवस् हामि आउनज्यालसम्म दुखसुख काटनुहोला भनि विदा मागि जाहां जाहां तिनीका बाबु गयथे वाही वाही पुगि रिषीकेससम्म पुगि वैद्यंगी आसना वसि तपस्या गर्दा अलपिगयछन् बाबु सिंवुको त्यो हाल सुनि तिनी ४ भाई फीर्ता भई जुम्ला सिजाकोटमा आया सीजापति माहाराजका गुरु शिवदत्त उपाध्यायकी छोरि जेठी माहिला काप्रीका विवाह गरिदिया कान्छा केदारुका माहिली छोरि विवाह गरीदिया माईला काप्रीका गोतमे वाहुं भया कान्छा केदारुका दुलाल उपाध्या भया जेठा गोसल र साहिलां सैगुनले सीजापति माहाराजासंग वसि सास्त्रको अधिकारि पाया उसैवीचमा महाराजा सिजापतिका वेटि

जेठी मैञ हर्मताले जेठा गोसललाई सोईम्वर गरीन् कान्छी मैञा नर्मदाले साईला सँगुन्लाई स्वईम्वर गरीम् दुवै मैञाले गोसलका दुवै भाईलाई स्वईम्वर गरदा दैवसंयोग दुवै मैञामा गर्व रहंदा ति गोसलका दुवै भाईलाई वोलाई आफ्नी मैञा दुवैलाई सिजापति माहाराजले विवाह गरिदीया जेठा गोसलका छोरा जंम्या तिनिको नाउं गोसरि मल्ल भयो सांईला सँगुनका छोरा जन्म्या गाईका जस्ता कान भया र गौथरि मल्ल भयो ताहांदेखि मल्ल पदवि रहेको हो महाराजा सिजापतीले आफ्ना छोरि जुवाईलाई गोरिधुवाई सिमाली फाल्को जग्गा दिया र यसै सिमाली फालमध्ये जयन्तपुर जेठा गोसल्ले दरवार वनाया जुम्ला देवार चन्दनका रूख लगाया नौधारा बनाया सिजापती माहाराजाबाट आफ्ना नाति गोसरि मल्ललाई राजा पदवि दिया तेसै बेलामा कान्की मैञ नरमदाले आफ्ना बुबा माहाराजा सिजापतिसंग बडो अटसलको कुरा गरिन् एउटै आमाबाबुकी छोरी भयकी दिदिका छोराले राजा पदवि पाउने मेरो छोरा हजुरको नाति होइन की भनि ठूलो जोगर गरि माहाराजालाई ठूलो सरम पऱ्यो र मुरुलि भन्ने जग्गा काटि कान्छी मैञाका छोरा गोथरि मल्ललाई वसाल्या जेठी मैञाका छोरा गोसरि मल्ललाई राजा र गौथरि मल्ललाई राजाको मंत्री भनि राख्लि दिया तहांदेखि गोथरि मल्ल राक्म पदवि रहेको हो गोथरि मल्ल मुरुली भन्ने जग्गामा वसेका हुनाले मुरुल्याल मल्ल भनेका हुन् तहांपछि सिजापति माहाराजा निसन्तानि हुदा भरजुम्लाको रजाई पनि पाया वहांबाट मुरुली बसेका गोथरि मल्लको फउज र राजा गोसरि मल्लको फउज र राजा मंत्रीका गुरु काशीक छोरा सत्कुसमार उपाध्या साथ भै वाहांबाट जाजरकोटका सियाला मुल्साम गाउका ढीम्कोट् भन्ने जगामा गया सिला लगाया ताहीं वस्ता समाल पदपि रहेको हो तपि राजा हुनाले रौलको जैसि खीकाई सो साईत हेरि जाजरकोभरिको अम्बल हात गरि ताहांबाट गोताम भन्ने जग्गामा गया तहांबाट रुक भन्ने जग्गामा बसेका भोटेलाई मासि सर्वकोटमा आफुले राजधानि चलाया जेठा गोसरि मल्लका २ छोरामध्य जेठा भारि मल्ल राजा भया कान्छा असोक मल्ल मुलसामबाट अछाम गया साहीलाका छोरा गोथरि मल्लका छोरा ४ भया जेठा मुरुली मल्ल राक्मा १ माहिला संखु मल्ल राक्म २ साहीला सम्मवाहादुर मल्ल राझम ३ कान्छा कान्ती मल्ल राक्म ४ ई ४ भाईमध्य जेठा मुरुलि मल्ल ठीम्कोटैबाट दङ्खेरि भन्ने जग्गामा गया संखु मल्ल र सम्मरवाहादुर मल्ललाई गोसरि मल्ल राजाका छोरा भारि मल्ल र असोक मल्लले मुटु छेडने जवाफ दिदा संखु र सम्मरवाहादुर मल्ल राक्मा रुकंबाट नुवाकोट हान्या र नुवाकोटको राजधानि चलाया ताहांका राजा भया तही वस्ता नुवाकोटी मल्ल बोलाया संखु मल्लका छोरा २ भया जेठा स्यामु मल्ल राजा भया तिनिका पालामा नुवाकोटका अजिगर वहल वलीष्टहरू मोस्यामवारी राजधानि चलाया कान्छा भिउसु मल्ल मर्म गया र मर्मको राजा भया जेठा स्यामुका छोरा जिउनु मल्ल राजा तिनिका ५ छोरा भया जेठा इन्द्रसहि माईला गोरखवाहादुर मल्ल साहीला चन्द्रसेखर मल्ल राक्मा काहीला कर्नासक्ति मल्ल राक्म कान्छा देवसर राक्म ई ५ भाईमध्य कान्छा रोल्पा गया अरू ४ भाईको संताईन् नुवाकोटै पसि राजधानि चलाया जेठा राजा ईन्द्रसहिका छोरा २ भया जेठा हरिसहि मल्लका छोरा ३ भया जेठा राजा गजाधर मल्ल १ तिनिका छोरा खड्गैसि मल्ल राजा तिनिका छोरा ७ भया जेठा कुलदिपसहि मल्ल राजा तीनी ठूला औलादी प्रतापि थिया कुलदिपसहिका छोरा ५ जेठा राजा विसंवर मल्ज तिनिका छोरा जयप्रकास मल्ल राजा तिनिका छोरा ११ भया जेठा राजा सर्वजितसहि मल्ल तिनिका छोरा ६ भया जेठा छोरा नरसिंह मल्ल राजा तिनिका छोरा धर्मसिंह मल्ल राजा तिनिका छोरा सोइम्भु मल्ल राजा तिनिका पालामा आफ्ना भाई छोरा फौजस्मेत एक गट गरि नेपाल कुवलपोखरिमा राजधानि ली राजा सोइम्भु मल्लले आफ्नो भाई छोराको वसाई गरि आफ्नो क्याम्पा सहरको राजा भई बसेका हुन् राजा सोइम्भु मल्ल १ तिनिका छोरा अजै मल्ल २ तिनिका छोरा वजि मल्ल राजा ३ तिनिका छोरा सुर्यनिधी मल्ल ४ तिनिका छोरा गर्जभं मल्ल ५ तिनिका छोरा ७ भया जेठा राजा धर्माकुमार मल्ल ६ माईला पुर्व वेवर भन्ने जग्गामा गया साहीला रोसिखोला गया जेठा राजा धर्माकुमार मल्ल र अरू भाई कवलपोखरिमै वस्या राजा धर्माकुमारका छोरा ४ भया जेठा राजा सरवर मल्ल ८ तिनिका छोरा कलङ्कवहादुर मल्ल राजा ९ तिनिका छोरा मित्राईबाटका २ रानिबाटका ३ मित्राईपट्टिका छोरा पुर्व मेचि भन्ने जग्गामा गया रानीपट्टिका जेठा राजा पृसंव मल्ल राजा १० तिनिका छोरा जयसिभ मल्ल राजा ११ तिनिका छोरा ८ भया तिनि जयसिभ मल्लले आफ्नो सोप्नको अन विचारि सोप्न-

बाट साधुले छैन पाल नईपाल भन्ने वात रुसक संरुदा मल्ल राजाले अब मेरो राजधानी टूटेछ भनि मनमा विचार गरि अब एउटा साखा रहने काम गर्छु भनि श्री पसुपतिनाथको प्रार्थना गरि सुनौलो अति राम्रो वयल वनाई सांडे चडायका हुं श्री पसुपतिको मंदीरमा चडायको सुनेको वयल सांडे जयसिभ मल्ल राजाले चडायका हुं मल्लहरूको साखा पसुपतिमा छ छैन पालो नेपाल भन्ने वचनले नेपाल भन्ने नाउ रह्यो तिनै जयसिभ मल्लका ८ छोरा भया जेठा सहिं मल्ल राजा भया मल्लको राजधानी १२ पुस्तासम्म ताहांदेखि विराज भन्ने लेखियको थियो सहिं मल्ल राजाका छोरा ४ भया जेठा राजा सोदेश मल्ल माहिला टङ्कवहादुर साहिला धुन्धु कान्छा सक्तु मल्ल ईनि ४ भाईका पालामा नेपालभित्र भयका राजा आफ्नो भोग टुटेको र गोर्खाका गोर्खालीहरूको वत्ती वल्यो पृथ्वीबारायन साहका माहारानिको सोप्नको लक्षनले गरदा पृथ्वीनाराय साहा माहाराज नेपाल हात गर्ने उद्योग चलाईवग्सीयो फौजस्मेतलाई प्रवाङ्गी भयो पहीली नुवाकोट हानि हात गरिवग्सीयो वहांपछि पलवान फौजस्मेत जम्मा गरि नेपाल हान भनि नेपाल हात गरि ताहांदेखि मल्ल राजाको राज्ये तोडियको हो ताहांदेखि मल्लहरूले आफ्नो भाई छोरा जम्मा गरि अब आफ्नो सोदेस जन्मभुमिमा गई राज्ये चलाउनुपर्छ भनि जाहां राज्ये गरेका थिय नेपाल छाडि बाहि गया राजा सहि मल्लका ४ भाई र अरू मल्ल पनि जम्मा भई त्रीसुली भन्ने वग्गामा गया ताहांबाट टङ्कु मल्ल राऋमा पाल्पा गया जेठा राजा सोदेस मल्ल साहिला धुन्धु मल्ल कान्छा सक्तु मल्ल ईनि ३ भाई जम्मा भई नुवाकोटैमा गया अघि मल्लको राजपाठ थियो गोर्खाको हात भयदेखि ताहीबाट सोदेस मल्ल रुकं गया साहिला धुन्धु मल्ल पुखातको सिंटि भन्ने जगामा गया कान्छा सक्तु मल्ल राऋमा रुगा भन्ने जग्गामा गया सोदेस मल्ल राजाका छोरा ३ भया जेठा राजा प्रतापसिंह मल्ल १ माहिला ब्रजवाहादुर मल्ल कान्छा सरवाभु मल्ल जेठा प्रतापसिंह मल्लका छोरा ५ भया जेठा रनभु मल्ल माईला गौवरसहिं मल्ल वजां गया साहीला असंभव मल्ल र काईला कर्मापति मल्ल कटीमंबार भन्ने जग्गामा गया जेठा रनभु मल्ल ठाईला जयवहादुर कान्छा चुनु मल्ल राज भई ३ भाई रुकंबाट गोताम गया जेठा रनभु मल्ल राऋमा १ तिनिका छोरा ४ भया जेठा कौरि मल्ल राऋमा माईला लालु मल्ल राऋमाका पालामा जक्तीपुरका उपर्कोटको मलैया भोटेको नास पारि लालु मल्लले आफ्नो हात गरि वस्याका हुं एउटा राउतो भन्ने रावल पनि ठूलो मंत्री थियो तेस्लाई पनि मासि तेसैका घर जग्गामा वसि तिनिका छोरा ४ भया जेठा भक्तु मल्ल माईला सुर्तन् मल्ल साईला रुजु मल्ल कान्छा ईन्दु मल्ल काईला कौरि मल्ल माईला रुजु मल्ल गोतामको मित्रिरि भन्ने जग्गामा गया जेठा भक्तु मल्लका छोरा ३ भया जेठा डेरु मल्ल राऋमा खग्यान गया ढाकारारि जिउलो रानिखेत वनाया ताहां वसि तिनिका छोरा ३ भया जेठा धेनु मलम राऋम १ माईला रुकु मल्ल राऋमा २ कान्छा चलु मल्ल राऋमा ३ रुकु मल्ल उपरकोट गया तांहीबाट निसन्तानि हुदा ज्योगि भया जेठा धेनु मल्ल राऋमा खनोनकोटका राजासित वसि सिकारि कामको अधिकारि थियो उसै वखतमा यगेलकोटका राजाले कल्याल ठगुरि मैजा नंदकलालाई ईनि धेनु मल्ल राऋमाका विवाह गरिदीया तिनि मैजबाट छोरा जंम्या र तिनिका ३ छोरान मध्ये जेठा मैदानि मल्ल राऋमा १ माईला सिवधं मल्ल २ कान्छा खिउरु मल्ल राऋमा ईनि ३ भाई धेनु मल्लका छोरा हुं ईनि धेनु मल्लका छोरा जेठा मैदानि मल्ल राऋमा १ तिनिका छोरा ५ भया जेठा भगत मल्ल राऋम २ तिनिका छोरा ४ भया जेठा धरम मल्ल राऋम ३ तिनिका छोरा २ भया पहलमां मल्ल राऋम ४ कान्छा अैमां मल्ल राऋम बाकि गोताम गया जेठा पहलमां करूवा गया तांही वसि लुवारखेत वनाया मौवा विसाउनि वनाया भैसि पाल्ने गराउलिको खरग वनाया ताही वसि तिनिका छोरा २ भया जेठा वलिराम मल्ल राऋम १ कान्छा जुनु मल्ल राऋम २ ईनि २ भाई सिकार खेल्दै जुन्याधारि लेख आया सिकार भेटियोस् भनि कुलदेवतालाई फुल्चावल छऱ्या ताहांदेखि फुल्चाउली नाउ रहेको हो वलीराम मल्ल जुनु मल्ल राऋम दुई भाई सिकार खेल्दै उपर ढिमे भन्ने जग्गामा आया उपर ढिमे भन्ने जग्गामा गया र भोटेको राजा लछु भन्ने थियो र त्यो लछु राजाले वलीराम मल्ल र जुनु मल्ल राऋमको सिकार छोपि मारि खाइदियो र त्यैसै रिसले मल्ल राऋमाका २ भाईले आफ्ना अरू भाईबाट मद्दत मागि तेही लछु राजासंग लडी लछु भोटेको फौजै मासि आफु वसि राजधानि चलाया अघि वाटंहवा नाउ टाकुरि थियो मल्ल राऋमाले १२ धानिको ढीम उठाउदै भोटेमालाई मारदै गरि भोटे मासेको हुनाले ढीमे भन्ने नाउ रहेको हो वलीराम र जुहु मल्ल राऋमा गोतामै गया र गोतामको च्याङ्गो सार्की ल्याया कामा मैद्या गया र कौल्या टमटो ल्याया मैद्या गया र देउरया चदारो ल्याया दामचौर आया

र देवदत्त उपाध्या वाहुं र दामे ढोलि ल्याया देवदत्त वाहुंलाई वंनेउतो काटि धरा जोखि सांट हानिदार भन्ने जग्गामा वसाल्या देवदत्त थानिका छोरा २ भया दामोदर थानि १ कैलु शर्मा २ जुनु मल्ल र वंसली मल्ल राक्मा ताहि वसी सिताका चंद ठकुरि छोरि विवाहा गरि वीहावरू चलायका हुं सिमाका चंन ठकुरिकि मैञा जेठी वहीनि भनधरा मैञालाई नंसिली राक्माले विवा गऱ्या तिनिका छोरा ४ भया जेठा खम्वु मल्ल १ माईला धंजित साहिला पृथु कान्छा कृष्णवहादुर मल्ल राक्मा साहिला पृथु र कान्छा कृष्ण मल्ल राक्मा ईनि २ भाईले अंसवण्डा नलिकन खांरोपा भन्ने जग्गामा गया जेठा खम्वु र माईला धंजित मल्ल राक्माले साहिला कान्छालाई भित्री अंस दियनन् साहिला कान्छाले वाहीरको ६४ जिउ भैंसि १२० गाईको वंडा नदी खांरोपामा गया खांरोपाको कुन्ज्या विष्ट भन्ने लछू राजाको मंत्री जस्तो थियो तेसैका गैरासेरा भन्ने जग्गामा पृथुको र कृष्ण मल्ल राक्माको गोठ पऱ्यो रातीका विचमा खांरो बर्स्यो र राक्माले खांरो पाया भनि कुन्ज्या विष्ट र राक्माको तानातान परि लराइ गरि राक्माले तेसै खड्गले कुन्ज्या विष्टको कुलैसमेत नाश पारि राक्माले सवै हात गरेका हुन् अघि चुफिकोट भन्ने नाउ थियो राक्माले खांरो पाया र खांरोपा भन्ने नाउ रह्यो तेही वस्ता साहिला पृथुका छोरा ४ कान्छा कृष्णका छोरा २ भया तिनि २ भाई कुन्ज्या विष्टैका आलाथलामा वस्या जेठा खम्वु र माईला धंजीत मल्ल राक्मा ढीमे वस्या चीउलीकोटका चन्द्रवंसी चंनकी छोरि जयसरा र कोकिला भन्ने २ वैनी थिईन् जयसरा खम्वुले कोकिला धंजित मल्ल राक्माले विवाह गऱ्या खम्वुका छोरा ७ भया जेठा गौनु मल्ल राक्मा भया धंजितका छोरा ४ भया जेठा अर्जुन मल्ल राक्मा तिनीहरूको विवाह गरदा दामु कैलु वाहुंले भुरसि दछीना भनि राक्माबाट संकल्प गरि भैंसि गो भेरि गाई पाल्ने पाटाखोलाको पाटो विर्ता पायाका हुं खम्वु र धंजित मल्ल राक्माले दियाको दामु कैलुले पायाको पाटाखोलाको जग्गा हो तेहि भैंसा बस्ने खानि बनाया र धोगेछरिको पथारो बनाया ढीमेका खम्वु मल्लबाट एक डोल्या गरि पाटाखोलासंग र पृथुबाट भोटेको लामो बस्योको लामाथलिदेखि काटी दामु कैलुले विर्ता पायाका हुं खम्वु मल्ल र पृथु मल्ल राक्माको दिस्याली खान्या चुचु भरन्या मैञाको काप्री रोपालीको जग्गा हो तिनिका पालासंम चताढाकारारी जीउना रानिखेतको रेख मास आरा ५ चावल आरा ३ गलउ पाटस्मेत गरि २२ कोटि राक्मले पाउथे सिउऱ्या घरति केउऱ्या पुंगुंज्या थापो २३ जनलाई लुवार खेत मौवा विसाउनि मरागलीको खरगवास कोटको वाजथलो दिया खगउरुवा वनाया र करुवा वसाल्या गौलु मल्लका छोरा पौलु मल्ल राक्म तिनिका छोरा ४ भया जेठा भेगु मल्ल तिनिका छोरा ९ भया जेठा गोपु मल्ल राझमा तिनका छोरा ७ भया जेठा हातु मल्ल राक्मा तिनका छोरा ३ भया जेठा लादु मल्ल राक्मा तिनका छोरा ठकुरायिवाटका छोरा ३ भया राउतरे रावलकि छोरीवाटका ४ भया ठकुरानिवाटका जेठा लस्तु मल्ल राक्मका ३ भाईको र राउतरेकी छोरीवाटका अविरेको काटाकाट पऱ्यो र अरू मल्लहरूले मद्दत गरि अविरेका ४ भाई र राउतरे रावलस्मेतलाई काटी मारि गरार भन्ने जग्गामा ओंवो खनि गारिदीया र अघी पोखरि भन्ने नाउ थियो ताहांदेखि गरार भन्ने नाउ रह्यो राउतरे रावललाई मासि मल्ल राक्माहरू वस्याका हुं लस्तु मल्ल राक्माका छोरा ११ भया जेठा सक्तु मल्ल राक्मा माईला गोठु मल्ल साहीला नरविर मल्ल राक्माले दार्माका चंन ठकुरिको रानि भयाकी चंनकी स्वास्नी ल्याया चंनको गर्भ रहेछ गर्भ पैदा भयो र तेस्को नाउ गर्ग चं भयो सक्तु मल्ल राक्माका छोरा २ भया जेठा रतनदास मल्ल राक्माले गगन चंका संतानलाई भाई वनाई अंस दी राखेका हुं रतनदासका छोरा २ भया जेठा कलु मल्ल राक्मा गाउका भाई मैयातहरूका जेठा जान्ने मान्ने भलादमि गाउका पुरा भै दसैंका टिका लाउने टिकाधनि भया र गाउवुरा मां पायाका हुं कलु मल्लका छोरा ४ भया जेठा जजु मल्ल राक्मा गाउका वुरा भया ईनि जजु मल्लका पालासम्म मौलो राक्माकै थियो जजु मल्लका छोरा जलंधर राक्मा ईनि जलंधर राक्माले आफ्ना भाईहरूका रिसखिसले आफ्ना गाउकोटको मौलो उखेलि यारसमकोट हान्या र विदुर्रसि राजालाई मौलाधनि वनाया अघि जलपाखो भन्ने नाउ थियो समाल राक्माले टिको मौलो सारि विदुलाई दिया र समाकोट नाउ रहेको हो सिताका चंद ठकुरिकी छोरि जेठी वहिनि समन्द्रा राक्माले आफुले विवाह गऱ्या कान्छी वहीनि सुर्वण विदुका विवाह गरिदिया जलंधर राक्माका छोरा खड्ग मल्ल राक्मा तिनि खड्ग मल्ल दसैंका दिन समकोटमा मौलाको पुजा गर्नु भनि गया र विदुकी रानिले दुर्वचं गरि नूर रावर काटि सादि हानि समाकोटको मौलो उखेलि भिगुलाई दिया र नाऱ्या वसाला नावर काटि सादि हान्याका हुनाले नाऱ्या भन्ने नाउ रह्यो

अघि पाटीपाखा नाउ थियो खड्ग राक्रमाका छोरा ४ भया जेठा दलमर्दन मल्ल राक्रमा कान्छा केउरू मल्ल राक्रमाका छोरा नभै छोरि मात्र थिईन् विजौरा भन्ने र हस्तौरा भन्ने २ छोरिसित जुम्लाका हरिसंकर जैसिको गर्भ रह्यो र तिनि २ छोरिका छोरा भया र कउरू मल्ल राक्रमाले आफ्नु छोरिका छोरालाई आफ्नो धनसंपत्ति जग्गा दी आफ्नो अंसमा वसाल्याका हुं मल्ल राक्रमाका अंसमा छोरिका छोरा वाहुंवाटका भयका हुनाले मल्ल हमाल भया तिनिको नाउ खैरू हमाल १ वैरू हमाल २ समालका अंसमा तिनिलाई केउरू मल्लले वसाल्याका हुं जेठा दलमर्दन राक्रमाका छोरा २ भया तिनिका छोरा जेठा गौभरधं राक्रमा तिनिका छोरा अजंविरे राक्रमा ईनिका पालामा राक्रमाकी केटी भीगुका रौतेलाले लिया र तेसै बेलामा अजंविरे राक्रमाले नारेको मौलो उखेलि पिरू राजालाई दिई मौला टीकाधनि वनायाका हुं निकु विदुसित जिद्दि गरि पिरूसित धर्मा जोखि वन्यारिखोलाको साद हान्दि भिगु राजाबाट मादाको भाग गरि वरि गरि पाटी जिउलि दिया र राक्रमाले पिरूलाई जींताला वसाल्या वरि गरि पाटी जिउलि अघि राक्रमाको दिस्याली खान्या जग्गा हो राक्रमाले विरूलाई जिउरालो भनि दिया र जींताला भन्ने नाउ रह्यो अघि पाटंदरा भन्ने नाउ थियो राक्रमाले ३ ठाउसम्म मौलो सान्या र देउता पनि ३ ठाउ सरेको हुनाले सरुदरा भन्ने नाउ रहेको हो अजंविर राक्रमाका छोरा ४ भया जेठा गौधरे राक्रमा गाउंका वुरा नायक भया तिनिका छोरा परि मल्ल राक्रमा तिनिका छोरा गोठु मल्ल राक्रमा तिनिका छोरा ७ भया जेठा ज्ञानवहादुर मल्ल राक्रमा तिनिका छोरा गोरू मल्ल राक्रमा तिनिका छोरा पृथु मल्ल राक्रमा तिनिका छोरा दामदरे मल्ल राक्रमा तिनिका छोरा सिरिधर राक्रमा तिनिका छोरा मैदाम मल्ल राक्रमा तिनिका छोरा सदे राज्ञमा तिनिका छोरा ६ भया जेठा भद्रे राक्रमा तिनिका छोरा ७ भया जेठा मैसरे राक्रमा तिनि गाउंका वुरा नायक थिया तिनिकै पालामा गगं चंका सन्तानलाई वयालसोताको पाङरे खोलि वसिने पुलमाथि चौख्या ढुंगो तलको चुकेपाथरदेखिको जग्गा काटी मैसरे राक्रमाले देउ मल चंलाई वसाल्याका हुं तेसै मौकामा देउमल चंको कदली भन्ने गाई दसे दमाईका जाहानले काटी पोलि खाईदिया र देउमल चंले थाहा पाया ३ तले सलो लगाई आगो ठोसि दसे दमाईका जाहानलाई छोप्दै वाल्दै गरि भस्म पान्या र दमैजालो भन्ने नाउ रहेको हो अघि बयालसोतो भन्ने नाउ थियो गगं चं दैजालि हुं देउमल चंका पालादेखि दसैंको टीको लीने जेठो मान्ने दसमीका दिन ढीमे गाउका वुरा नायकका घर दंजाली चंन टीको वोकी जाने र राक्रमाले भाईपुंगी पगरी दिने गरेका थिया मैसरे राक्रमाका छोरा ४ भया जेठा डंडविर राक्रमा तिनिका छोरा जैमल्ल राक्रमा तिका छोरा भोटु मल्ल राक्रमा तिका छोरा लगंसि मल्ल राक्रमा तिका छोरा गोकले राक्रमा तिका छोरा गवले राक्रमा तिनिका ३ भाई थिया माईलाले करुवाल्या गौरुवाकी जोई लिया र भाईझगडा परि विपत्ता भया कान्छा मुसिकोट गया तेसै पालादेखि राक्रमाको गौरुवा करुवाल्या छुटेको हो आहा देविरादेविको गौन्याली वढ्न सकेन माहीला नारदे राक्रमा मल्लले करुवाल्या मगरकी जोई ल्याईदिया र आफै गौन्याली छुटेको हो आफ्नै गोरुवाकी जोई ल्याईदिया र राक्रमाहरू सवै मिली नारदे राक्रमालाई काटने मारने मद्दत गरेका हुनाले राती राती भागी मुसिकोटमा गया भोटेका राजा लछुले पुजा गर्ने झादेविरादेवि भन्ने देउता सिलंगिस्वारा जग्गा उतपत्त भयो र राक्रमाका सन्तानलाई र करुवाल्या गौरुवालाई दगा गन्यो र तांसिको धुपो वासको सुपो रैन्याको निकालो सन्ताको चुफो १ जोली पाया १ खुरि चल्ला यती ६ थोक करुवाल्या मगरले सिमेका रादेवि झादेविलाई ल्याउन्या राक्रमाहरूले २ भेडाका सांर १ वल्लको सारे घरको ९ मान चावल यती चार थोक राक्रमाहरूले जम्मा गरि करुवाल्या र राक्रमाका सन्तानले ५ वर्षका पुस पुनिको एकादसिदेखि पुनिको विहानसंम तिनि देविको पुजा गरिसकी आफ्ना घर जान्थ्या तिनि देविको पुजा गर्न लाग्येदेखि तिनिहरूलाई राम्रो भयको हो जेठा गगने राक्रमा मल्ल गांवुडा नायक तिनिका छोरा विजै राक्रमा नायक तिनिका छोरा सरजिते मल्ल गाउं वुडा तिनिको छोरा सर्वजिते राक्रमा मल्ल नायक तिनिका छोरा खिमे राक्रमा नायक तिनिका छोरा लालमनि राक्रमा मल्ल गाउ वुडा तिनिका छोरा किसर राक्रमा नायक तिनिका छोरा विसर्मे मल्ल नायक तिका छोरा २भया जेठा सुकरे कान्छा धाउनि रमाल गाउंका वस्नेतको अपुतालिमा घन्या वस्न गया सुकरेका छोरा सोमवहादुर राक्रमा नायक तिका छोरा जुद्धवहादुर राक्रमा नायक तिका छोरा सेरवहादुर राक्रमा तिका छोरा ३भया माईला सिता गया कान्छा पिउठान गया जेठा पुन्नि मल्ल राक्रमा तिका छोरा पहलमनि राक्रमा तिका छोरा हस्तु मल्ल राक्रमा तिका छोरा मथुरा मल्ल राक्रमा तिका छोरा जगधं मल्ल राक्रमा तिका छोरा पटवर मल्ल राक्रमा

नायक तिका छोरा मात्भर मल्ल राझमा तिनिका छोरा जक्त् मल्ल राक्मा सर्जे मल्ल तिनिका छोरा रत्न मल्ल नायक तिका छोरा नरविर मल्ल तिका छोरा मिदु मल्ल तिका छोरा कर्णविर मल्ल राक्मा ईनिका पाला चारै दराका पैलवान दाउंला पसालि काटीयका हुं कर्णविरका छोरा रत्नखर मल्ल तिका छोरा मत्कलवहादुर मल्ल राक्मा तिका छोरा रामसि मल्ल राक्मा तिका छोरा अंवीर तिका छोरा सैंसि मल्ल राक्मा तिनिका छोरा चन्द्रमान मल्ल राक्मा तिका छोरा भिमरधन मल्ल राक्मा गाउं वुरा नायक भया तिनिका छोरा गोवरधन मल्ल राक्मा तिनिका छोरा तुलसे मल्ल राक्मा तिनिका छोरा ५ भया जेठा धंवहादुर मल्ल राक्मा तिनिका छोरा गुविर मल्ल राक्माले पदेरिखोलादेखि उभो वाग्याखोलादेखि उदो वारेकोट काटीदेखि मुलसात राजाका पाटनको घोरेनेटोदेखि उदो र फलाटे हानेसल्लाको आधादेखि पश्चिम यती लेखको कस्तुरि डाफे चर तल ध्यप दुवालि जुमलि घटु अधिकार खोला मिसिने दोसानदेखि उंभो यति तलको माल्या चरं मान्याका भीकु राजावाट काटी पीरुकोट भीगुको भाग वाकी राक्माले ४ आंस्याको भाग वाडी वंडा गरि पिरुलाई जींताला वसाली आफु राक्म ढीम्या वस्या राक्माको र समकोटका विदु राजाको सांद आंसु पांनि वसि विसाउनि वनाई विदुको र राक्माको साद हानि उभो विदुको र उधो राक्माको भै धर्मा जोखि राक्मा ढीमे आया विदु राजा समाकोट गया अघि आंसु पानि चौला पाखो भन्ने नाउ थियो राक्माले धर्मा जोखि सांद हानेको हुनाले सांदीविसाउन नाउ रह्यो लहरेखोलाको गोठ खरग राक्माले वं चराउन्ये राक्माका गोठको खानी धारेहो हाली दारका सिउमल राजाले र पाचु कैलु थानिले लि खाने गर्ने रिती थियो खरकको र वनको चलं राक्माकै हुन्थ्यो सिउमल राजाको राक्माको अति पृथी थियो एक दिन ढीमेवाट राक्मा गया दारवाट सिउमल राजा सिकार खेल्दै आया र डंसिल्या चौरमा दुवैको भेट भयो र दुवैका तीर एउटै मृगमा लागि मृग मर्‍यो सिउमलको पनि भयन उता राक्माको पनि भयन दुवैले वरावर गरि वाडि लियासम्म भयां भनि पानिको अंजली समाति धरमा जोखि डारादेखि पश्चीं राक्माको र पुर्व सिउमल राजाको रेख भनि सांद हानेका हुनाले धरमखरक भन्ने नाउ रह्याको हो अघि डंसिल्या चवर भन्ने नाउ थियो ताहांदेखि पसि राक्माको र पुर्व सिउमल राजाको सांद छुटघायाको हो गुविर मल्ल राक्माका छोरा विरवल मल्ल राक्मा गाउं वुडा नायक भया ।